म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६६/०७०

वर्ष:१७ अङ्कः- १५९ २०८३ वैशाख १९ गते शनिबार 2 May 2026, Saturday - पृष्ठ ४ मूल्य रु. ५/-

## युएईविरुद्ध नेपालको कठिन जीत

हेटौँडा : दीपेन्द्र सिंह ऐरीको सानदार शतकमा आईसीसी विश्व कप लिग २ मा अत्यन्त रोमाञ्चक खेलमा नेपालले युएईलाई डिएल मेथडमा ६ रनको कठिन जित हात पारेको छ। वर्षाले प्रभावित खेलमा युएईले ३८ ओभरमा २ सय ५५ रनको फेरिएको चुनौती पायो । एक घण्टा खेल रोकिएपछि खेललाई ३८ ओभरमा घटाइएको हो । निर्धारित ओभरमा युएईले ८ विकेट गुमाएर २ सय ४८ रन मात्रै बनाउन सक्यो । बलिङमा सन्दीपले ८ ओभरमा १ मेडन सहित ३६ रन दिएर ३ विकेट लिए । सोमपाल कामी र नन्दन यादवले २/२ विकेट लिए । टियु क्रिकेट स्टेडियममा टस जितेर पहिले ब्याटिङ गरेको नेपालले ५० ओभरमा ७ विकेट गुमाउँदै २ सय ८९ रनको योगफल बनाएको थियो । २३ औं खेल खेलेको नेपालको यो सातौं जित हो । १६ अंक सहित नेपाल सातौं स्थानमा कायमै रहेको छ। आठ राष्ट्र सम्मिलित लिग टुको पुछारमा रहेका युएईले खेलेको २२ खेलमा यो १७ औं हार हो। उसको १२ अंक रहेको छ । अब आइतबार युएई र ओमानबीच खेल हुनेछ। यो सिरिजको अन्तिम खेलमा नेपालले मंगलबार ओमानको सामना गर्नेछ ।

# बागमतीमा २० लाखका योजना पनि बहुवर्षीय !

समाज संवाददाता

**प्रदेशको गौरव र दीर्घकालीन प्रभाव देखिने एकीकृत बस्ती विकास तथा जोखिमयुक्त व्यवस्थापनको कार्यक्रममा मन्त्रालयले बहुवर्षे कार्यक्रममा पर्याप्त बजेट दिने सकेको देखिँदैन ।**

हेटौँडा : बागमती प्रदेश सरकारले भवन पूर्वाधार तर्फको बहुवर्षे आयोजना छनौटमा साना र टुक्रे आयोजना समावेश गरेको छ । २ आर्थिक वर्षमा सम्पन्न गर्ने लक्ष्यसहित भवन प्रविधि तर्फको साना र टुक्रे योजनालाई बहुवर्षीय योजनामा समावेश गरेर बजेट विनियोजन गरेको हो ।

आर्थिक मामिला तथा योजना मन्त्रालयले भौतिक पूर्वाधार विकास मन्त्रालयलाई पठाएको पछिल्लो स्रोत सहमति सम्बन्धी पत्र अनुसार प्रदेशको भवन प्रविधि तथा पूर्वाधार विकासमा सरकारको प्राथमिकतामा न्युन देखिएको हो । अर्थले उपलब्ध गराएको भवन प्रविधि तर्फको ६९ वटा योजनाको सूचीमा २० लाख रुपैयाँदेखिका स-साना योजनाहरुलाई बहुवर्षीय ठेक्कामा लैजान सहमति दिइएको हो ।

प्रदेश सरकारले भवन प्रविधितर्फ बहुवर्षे ठेक्का छनौटमा दीर्घकालिन उपलब्धीका आयोजनाहरु समावेश गर्न सकेको देखिँदैन । ठूला र रणनीतिक आयोजनाहरु ओझेलमा पर्दा र खुद्रे योजनामा बजेट छरिँदा प्रदेशको प्रशासनिक संयन्त्र र कार्यान्वयन क्षमतामाथि नै संकट देखिएको छ। सामान्यतया बहुवर्षीय योजनाहरु ठूला र रणनीतिक योजनाहरुका लागि तय गरिन्छ । तर, प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालयले चालु आर्थिक वर्षमा २०/३० लाख रुपैयाँका योजनालाई पनि दुई आर्थिक वर्षमा विभाजन गरेर बहुवर्षीय बनाइएको छ। जसले एकातिर प्रशासनिक कामको बोझ बढाउनुको साथै दीर्घकालीन प्रतिफल दिने आयोजनाहरु बजेट अभावको चुनौती थपिएको छ ।

भौतिक मन्त्रालयको सिफारिसमा छनौट भएको उक्त बहुवर्षे ठेक्का आयोजना अन्तर्गत शिव मन्दिरको दक्षिण तर्फको बाटो निर्माणका लागि २ वर्षमा २७ लाख रुपैयाँ लागत अनुमान गरिएको छ । उक्त आयोजनालाई बहुवर्षीय बनाएर चालु आवमा १३ लाख ५० हजार मात्र विनियोजन गरिएको भने बाँकी अर्को आर्थिक वर्षमा उपलब्ध गराउने गरी दायित्व सृजना गरिएको छ । सामुदायिक भवन निर्माण र सडक ढलानका आयोजनालाई पनि २ आर्थिक वर्षमा बजेट उपलब्ध गराउने गरी २० देखि ५० लाखका योजनाहरुमा स्रोत सहमति दिइएको छ ।

भौतिक मन्त्रालयको सिफारिसमा भवन प्रविधि तर्फको भगवती मन्दिर चोकदेखि पुडाल जाने सडक, ललितपुरका लागि प्रति आर्थिक वर्ष १५/१५ लाख रुपैयाँ गरी ३० लाख रुपैयाँ, मैदानदेखि घिताल थुम्का पानीको ट्यांकीसम्म बाटो निर्माण धादिङका लागि २ वर्षमा ४० लाख रुपैयाँ, कपुर शान्ति विकास समाज भवन निर्माण, काठमाडौंका लागि २ वर्षमा ५० लाख रुपैयाँ, किरिचौरदेखि सुनार निर्माण टोलसम्म सडक, काठमाडौंका लागि २ वर्षमा ४५ लाख रुपैयाँ, सामुदायिक वन सेवा समाज भवन निर्माण, काठमाडौंका लागि २ वर्षमा ३० लाख रुपैयाँ बजेट स्रोत सहमति दिइएको छ ।

प्रदेशको गौरव र दीर्घकालीन प्रभाव देखिने एकीकृत बस्ती विकास तथा जोखिमयुक्त व्यवस्थापनको कार्यक्रममा मन्त्रालयले बहुवर्षे कार्यक्रममा पर्याप्त बजेट दिने सकेको देखिँदैन । बहुवर्षे आयोजना छनौटमा बस्ती विकास तथा जोखिम व्यवस्थापन जस्ता संवेदनशील कार्यक्रमलाई न्यून बजेट दिइएको छ ।

प्रदेशको रणनीतिक प्रभावको बस्ती विकास कार्यक्रममा मन्त्रालयले बहुवर्षे आयोजना मार्फत् न्युन बजेट विनियोजन गरिएको छ । सरकारले सिन्धुपाल्चोकको चौरीदेउरालीमा जोखिमयुक्त बस्ती स्थानान्तरण र एकीकृत पूर्वाधार विकासका लागि कुल १ करोड ८९ लाख लागत अनुमान गरे पनि चालु आर्थिक वर्षका लागि ६३ लाख रुपैयाँ मात्र विनियोजन गरेको छ। त्यस्तै, कोञ्ज्योसोम गाउँपालिकामा स्मार्ट भिलेज अवधारणा अन्तर्गत दिगो विकासका लागि ३ करोड ७८ लाखको योजनामा २ वर्षका लागि १ करोड २६ लाख मात्र बजेट स्रोत सहमति प्रदान गरेको छ। एकीकृत पूर्वाधार विकासका लागि विनियोजित रकमले आधारभूत काम समेत सुरु गर्न कठिन हुने देखिन्छ।

मन्त्रालयले खाँडादेवी जग्गा विकाससहित एकीकृत पूर्वाधार निर्माण, रामेछाप, तीनपाटन गाउँपालिका बजार केन्द्र एकीकृत पूर्वाधार विकास, सिन्धुलीका लागि २ वर्षमा ३ करोड ७८ लाख रुपैयाँ बजेट विनियोजना गरिएको छ भने लिखु गाउँपालिका एकीकृत पूर्वाधार विकास, सल्यानटार बजार केन्द्र एकीकृत पूर्वाधार विकास, धादिङ, नुवाकोट, कालिका गाउँपालिका एकीकृत पूर्वाधार विकास, रसुवाका लागि २ वर्षमा ४ करोड ७२ लाख रुपैयाँ बजेट स्रोत सहमति दिइएको छ ।

स-साना योजनालाई बहुवर्षीय बनाउँदा सरकारको दायित्व वर्षौंसम्म सार्दै लैजाने र कर्मचारीतन्त्र साना योजनाको व्यवस्थापनमै अल्झिने समस्या हुने गरेको छ। २० लाखका योजनालाई पनि बहुवर्षीय बनाउनु भनेको नीतिगत भ्रष्ट्राचार र प्रशासनिक अक्षमता भएको प्रदेशसभाका सदस्य एवम् विपक्षी दल नेकपा बागमती प्रदेश संसदीय दलका प्रमुख सचेतक रत्नप्रसाद ढकालले बताए । उनका अनुसार सरकारको उक्त कदमले प्रशासनिक संरचनालाई नै कमजोर बनाउने र आर्थिक दायित्व बढ्न गई आगामी वर्षका लागि ठूला आयोजना छनौटमा बजेट अभाव हुने अवस्था देखिएको छ ।

आर्थिक मामिला तथा योजना मन्त्रालयले स्रोत सहमति दिइएका आयोजनाहरुको खरिद प्रक्रिया यथाशीघ्र सुरु गर्नुपर्ने उल्लेख छ । तर, २०-३० लाखका आयोजनालाई दुई वर्षसम्म लम्ब्याउँदा निर्माण लागत बढ्ने र समयमा काम नसकिने निश्चित रहेको उनले बताए । दीर्घकालीन प्रतिफल दिने ठुला गौरवका आयोजनालाई प्राथमिकता दिनुको साटो राजनीतिक पहुँचका आधारमा ल्याइएका टुक्रे योजना ल्याएको उनले बताए। बहुवर्षे आयोजनाहरुले प्रदेशको समृद्धिमा योगदान दिनुको साटो प्रशासनिक खर्च मात्र बढाउने उनको भनाई छ ।

बागमती प्रदेशका भौतिक पूर्वाधार विकास मन्त्री दिनेशचन्द्र देवकोटाले परम्परागत र अनुत्पादक विकास मोडललाई परिवर्तन गर्नुपर्ने बताए । उनले भवन पूर्वाधारका विकासका आयोजनाहरु रणनीतिक र दीर्घकालिन प्रतिफल योग्य हुनुपर्ने बताए।

उनका अनुसार सरकारले भवन प्रविधि तर्फको विकास आयोजनामा एकीकृत बस्ती विकासमा जोड दिएको छ । छरिएका योजना र साना आयोजनामा बजेट खर्चनुभन्दा रणनीतिक महत्वका क्षेत्रमा लगानी बढाउनु पर्ने उनको भनाई छ। मन्त्री देवकोटाले भूगोल र आवश्यकताका आधारमा विकासको नयाँ मोडल अघि सारिएको बताए । 'डाँडाको टुप्पामा एउटा मात्र घर छ । त्यहाँ बिजुली, बाटो र टेलिफोन लैजाँदा घरको लागतभन्दा पूर्वाधारको लागत कयौं गुणा बढी हुन्छ। त्यसैले हामीले अब १५ देखि २० ठाउँमा एकीकृत बस्ती विकासको कार्यक्रम सुरु गरेका छौं ।'

उनका अनुसार नुवाकोटको लिखु, रामेछापको खाँडादेवी र धादिङको सल्यानटार जस्ता क्षेत्रमा २५ देखि १०० घरलाई एकै ठाउँमा राखेर पूर्वाधार विकास गर्ने गरी बहुवर्षीय योजना अघि बढाइएको छ । मन्त्री देवकोटाले बहुवर्षे आयोजनमा स्रोतको सीमाभित्र रहेर रणनीतिक महत्वका आयोजनालाई प्राथमिकता दिइएको बताए ।

# बागमती सरकारद्वारा १८ जना कर्मचारीको सरुवा




समाज संवाददाता

हेटौँडा : बागमती प्रदेश सरकारले उपसचिवसहित १८ जना कर्मचारीको सरुवा गरेको छ । प्रदेश सरकारले आर्थिक वर्षको अन्तिम समयमा विभिन्न मन्त्रालय, निर्देशनालय तथा मातहतका कार्यालयहरुमा कार्यरत १८ जना कर्मचारीहरुको सरुवा गरेको हो।

प्रमुख सचिव बाबुराम अधिकारीको निर्णय अनुसार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय हेटौंडाले नवौं तह (उपसचिव) देखि पाँचौं तहसम्मका अधिकृत र सहायकस्तरका कर्मचारीहरुको जिम्मेवारी हेरफेर गरेको हो । कार्यालयका अनुसार ३ जना उपसचिवसहित आठौँ तहका ४ जना, सातौँ तहका १ जना कर्मचारी रहेका छन् भने छैठौं तहका ९ जना र पाँचौं तहका १ जना कर्मचारी रहेका छन् । कार्यालयले प्रदेश नीति तथा योजना आयोगमा कार्यरत उपसचिव प्रतिभा पन्थीलाई प्रदेश सुशासन केन्द्र, जावलाखेलमा पठाएको छ भने उपसचिव अनिता तामाङलाई प्रदेश सुशासन केन्द्रबाट सहकारी तथा गरिबी निवारण मन्त्रालय, हेटौंडाको जिम्मेवारी तोकेको छ ।

सहकारी तथा गरिबी निवारण मन्त्रालयका उपसचिव प्रदीपराज पौडेललाई प्रदेश सरकारी रजिष्ट्रारको कार्यालय, काठमाडौंमा सरुवा गरिएको छ भने साना ठुला सवारी एकान्तकुना ललितपुरका अधिकृतस्तर आठौंमा कार्यारत अम्बिका घिमिरेलाई संस्कृति तथा पर्यटन मन्त्रालय हेटौंडा, अधिकृतस्तर आठौं सरुपा पाण्डेलाई पर्यटन कार्यालय, काठमाडौंबाट प्रदेश सुशासन केन्द्र, ललितपुर, सन्ध्या लामिछानेलाई मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट प्रदेश सुशासन केन्द्र, ललितपुरमा सरुवा गरिएको छ । अधिकृतस्तर आठौं लेखनाथ खतिवडालाई उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय हेटौँडाबाट श्रम, रोजगार तथा यातायात मन्त्रालय हेटौँडामा सरुवा गरिएको छ ।

शिवप्रसाद भट्टराई (अधिकृत सातौँ) लाई यातायात व्यवस्था कार्यालय, भक्तपुरबाट उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय हेटौँडामा सरुवा गरिएको छ भने श्रीधर पुडासैनी (अधिकृतस्तर छैठौँ) लाई प्रदेश लोकसेवा आयोगबाट उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय हेटौँडा, शिक्षा विकास निर्देशनालयका किशोर जोशी (कम्प्युटर अधिकृत, छैठौँ) लाई प्रदेश लोकसेवा आयोगमा, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका पुरुषोत्तम मिश्रलाई प्रदेश लोकसेवा आयोगमा सरुवा गरिएको छ ।

यातायात व्यवस्था कार्यालय, साना ठुला सवारी ललितपुरका इन्द्रबहादुर कार्की (अधिकृतस्तर छैठौं) लाई स्वास्थ्य मन्त्रालय हेटौंडामा, मुक्तिनाथ घिमिरेलाई यातायात व्यवस्था कार्यालय, काठमाडौंबाट सहकारी तथा गरिबी निवारण मन्त्रालय हेटौंडा, प्रेमप्रकाश घिमिरे यातायात व्यवस्था कार्यालय, भक्तपुरबाट वन तथा वातावरण मन्त्रालय हेटौँडा, जीवन कुमार बस्नेत यातायात व्यवस्था कार्यालय, भक्तपुरबाट खानेपानी, ऊर्जा तथा सिँचाइ मन्त्रालय हेटौँडा, सुरेन्द्र गिरी व्यावसायिक कीट विकास फार्म, धादिङबाट श्रम, रोजगार तथा यातायात मन्त्रालय हेटौँडा, गोविन्द दुलाल यातायात व्यवस्था कार्यालय, काठमाडौँबाट सहकारी तथा गरिबी निवारण मन्त्रालय हेटौंडामा सरुवा गरिएको छ । यातायात व्यवस्था कार्यालय, चितवनमा कार्यरत कम्प्युटर अपरेटर दिपेश खनाललाई खानेपानी, ऊर्जा तथा सिँचाइ मन्त्रालयमा सरुवा गरिएको छ ।




**सार्वजनिक जग्गा अतिक्रमण**

# मकवानपुरमा पनि तथ्याङ्क संकलन सुरु

समाज संवाददाता




हेटौँडा : जिल्ला प्रशासन कार्यालय मकवानपुरले जिल्लाका विभिन्न स्थानमा सार्वजनिक जग्गा अतिक्रमण गरी बनाइएका भौतिक संरचनाहरूको तथ्याङ्क संकलन कार्य सुरु गरेको छ ।

गृह मन्त्रालयले देशभरका ७७ वटै जिल्ला प्रशासन कार्यालयलाई अतिक्रमित सरकारी तथा सार्वजनिक जग्गा पहिचान गरी हटाउन परिपत्र गरेसँगै मकवानपुरमा पनि यो प्रक्रिया अघि बढाइएको हो ।

गृह मन्त्रालयले बुधबार सचिवस्तरीय निर्णय गर्दै देशभरका प्रमुख जिल्ला अधिकारीहरूलाई सुरक्षा प्रबन्धसहित आवश्यक सहजीकरण गर्न निर्देशन दिएको थियो । मन्त्रालयले सम्बन्धित निकायसँग समन्वय गरी जिल्लाका अतिक्रमित जग्गाको पहिचान गर्न र त्यस्ता जग्गामा रहेका संरचना हटाउने कार्ययोजना तयार पारी मन्त्रालयमा पठाउन समेत निर्देशन दिएको छ ।

मन्त्रालयको सोही परिपत्र र निर्देशनका आधारमा मकवानपुरमा अहिले तथ्याङ्क संकलनको काम भइरहेको छ । मकवानपुरका प्रमुख जिल्ला अधिकारी बसन्त अधिकारीका अनुसार अहिले पहिलो चरणमा कुन-कुन ठाउँमा कति जग्गा अतिक्रमण भएको छ र कस्ता संरचना बनेका छन् भन्ने विवरण संकलन भइरहेको छ ।

तथ्याङ्क संकलन भएपछि मन्त्रालयबाट प्राप्त हुने थप निर्देशन र कार्ययोजना अनुसार अतिक्रमण हटाउने कार्यलाई अगाडि बढाइने उहाँले बताउनु भयो ।

# जिप दुर्घटनामा ज्यान गुमाएका २० जनाकै सनाखत

समाज संवाददाता

रुकुम पूर्व : रुकुम पूर्वबाट रोल्पाको जलजलातर्फ जाँदै गर्दा बिहीबार अपराह्नतिर भएको जिप दुर्घटनामा परी ज्यान गुमाउनेहरुमा एकै परिवारका १४ जना रहेको खुलेको छ । यसकारण जिल्ला सदरमुकाम रुकुमकोटका मानिस शोकमा छन् ।

जिल्ला प्रहरी कार्यालय रुकुम पूर्वका सूचना अधिकारी प्रहरी निरीक्षक गोपाल न्यौपानेका अनुसार दुर्घटनामा परी सिस्ने-५ टाकुरा निवासी वर्ष ३२ का गोर्ख बिसी र उनकी आमा ५२ वर्षीया तिलकुमारी बुढाथोकी, १० वर्षीय छोरा दिव्यन बिसी र २८ वर्षीया भाउजु युभा बिसीको ज्यान गएको हो । त्यस्तै, गोर्खकी कान्छी आमा (अन्टी) ४० वर्षीया ओमकुमारी बुढाथोकी र

बाँकी पृष्ठ-४ मा...

# साहित्यकार परिचय



देवराज खरेल
हेटौँडा-५, पिप्ले

देवराज खरेल मकवानपुरका परिचित अग्रज साहित्यकार हुनुहुन्छ । उहाँको जन्म २००७ साल कार्तिक २८ गते काभ्रेपलाञ्चोक जिल्लाको देउरालीमा भएको थियो । देवराजका पिता उमानाथ खरेल र माता रेवतीदेवी खरेल दुबै स्वर्गावासी भइसक्नु भयो ।

उहाँको जन्म काभ्रेमा भएपनि उहाँ हाल हेटौँडा-५, पिप्लेमा स्थायी रुपमा बसोबास गर्दै आउनुभएको छ । उहाँले व्यवस्थापन संकायमा स्नातक तह उत्तीर्ण गर्नुभएको छ । उहाँको दुई छोरा र एक छोरी हुनुहुन्छ । २०४७ सालबाट साहित्य क्षेत्रमा लाग्नुभएका खरेलले पाँचवटा कृति प्रकाशन गरिसक्नुभएको छ । उहाँको पहिलो आत्मध्वनि (कविता संग्रह)-२०६५, स्मृतिका टिपोट (निबन्ध संग्रह)-२०६८, प्रेमका पाइलाहरु (मुक्तक संग्रह)-२०७० र जिन्दगीदेखि जिन्दगीसम्म (निबन्ध संग्रह)-२०७८ र पाँचौं कृति अकिञ्चनका आर्तहरु रहेका छन् ।

खरेलले मकवानपुरसँगै स्याङ्जा, मोरङ, पर्सा जिल्ला लगायत देशका विभिन्न स्थानबाट २१ वटा सम्मान तथा पुरस्कार प्राप्त गर्नुभएको छ । पहिलादेखि नै लेख्न, पढ्न रुचि लाग्ने भएकाले साहित्यिक क्षेत्रमा लाग्नुभएको खरेल बताउनु हुन्छ ।

खरेल शैक्षिक अवकाश प्राप्त गरी हाल निबन्धकार, कवि, हाम्रो मातृभूमि साहित्यिक त्रैमासिक पत्रिकाको सम्पादक तथा प्रकाशकसमेत हुनुहुन्छ । वर्तमान अवस्थामा साहित्य क्षेत्र एकदमै राम्रो रहेको खरेल बताउनुहुन्छ । समाज, देश, माटो लगायतको विषयमा कृति प्रकाशनमा मिडिया क्षेत्रले पनि राम्रो भूमिका खेलेको उहाँ बताउनु हुन्छ ।

## चित्रकला





तेजश तिमल्सिना
कक्षा-७, बालजागृति इंग्लिस सेकेण्डरी स्कूल, हेटौंडा-२





स्वप्निल गिरी
कक्षा-५, नवोदय शिशु सदन, हेटौंडा-४

# कमरेड ज्वाला




२०७६ सालको पुष महिना ! पूर्वाधार विकास कार्यालय पाँचथर फिदिमको जागीरबाट छुट्टीमा घर फर्किंदै थिएँ । छुट्टीमा घर आउँदा जाँदा म बाइकमै ओहोरदोहोर गर्थें । बीचबीचमा रमणीय स्थलहरूतिर बिसाउँदै फिदिम पुग्दा थाकेर लखतरान नै भइन्थ्यो । झापा-फिदिमको त्यति लामो, करीब ५ घण्टाको बाटोमा एक्लै यात्रा गर्नु मलाई पट्यारलाग्दो नै लाग्थ्यो । घर बिदाबाट ड्युटीमा फर्किनु त्यसै पनि जाँगर नचल्ने । त्यो दिन पनि बिहानको खाना खाएर करीब १२ बजेतिर म घर बाट निस्किएँ । इलाम पुग्दा पौने ३ भएको थियो । इलाममा एकछिन खाजा खान रोकिएँ । लगभग साढे ३ बजेतिर पुवा खोला पुगेँ । नेपालटार आउन लागेकाले मनमा अनेक कुरा खेलाउँदै म आफ्नै सुरमा उक्लिँदै थिएँ । कारण के भने नेपालटारदेखि मंगलबारेसम्मको पहिलो कालोपत्रे गर्ने काममा म ठेकेदार कम्पनीबाट इन्जिनियर थिएँ र पटकपटक काठमाडौँबाट त्यहाँ जान्थेँ । कम्पनीको बोलेरोमा हिलो सहीतको त्यो बाटो धेरै चोटी ओहोरदोहोर गरेको, जाँदैपिच्छे हप्ता दिन लगभग बस्ने निर्माण कार्यको सुपरिवेक्षण गर्ने नापजाँच गर्ने र बिल बनाउने काम सकाएर म काठमाडौँ फर्किन्थेँ । त्यति बेलाका तितामिठा सम्झनाहरूमा डुब्दै गर्दा नेपालटार चोक कट्नासाथ एकजना करीब ६० जतिका मतवाली अनुहार परेका बुढा मान्छेले बाइक रोक्ने इशारा दिए । उनको छेवैमा करीब १६, १७ वर्षकी र तातोपिरो अनुहार गरेकी युवती थिइन् । मेरो पुरुष मनले ती बुढालाई भन्दा पनि युवतीलाई देखेर सहजै बाइक रोक्यो । पक्कै लिफ्ट नै माग्न खोजेको भन्ने मैले अन्दाज गरिहालेँ, तर दुईमध्ये कसलाई लिफ्ट दिने भन्ने थाहा भएन ।

बुढाले नरम हुँदै लिम्बु लवजमा भने - "हाओ सर कहाँसम्म पो जानुहुदेछ ?"

"म फिदिमसम्म" पुलुक्क युवतीको अनुहार तिर लोभी नजर दौडाउँदै मैले छोटो उत्तर दिएँ ।

"ए लु हाओ भैगोनी आज लास्ट गाडी पनि उम्किगोएछ की सर हाम्रो छोरीलाई फिदिमसम्म पो लग्दिनुहुन्थ्यो कि भनेर पो रोकिपठाको हाओ ?"

मैले तुरुन्तै भनेँ - "ए भैहाल्छ नि बुवा, बस्नु बैनी म फिदिमै जाने त हो !"

उराठलाग्दो एकोहोरो यात्रामा तरुनी युवतीलाई लिफ्ट दिएर लगभग ३ घण्टाको बाटो सँगै यात्रा गर्न पाउँदा मेरो पुरुष मन भित्रभित्रै फुरुङ्ग भएको थियो । युवतीसँग गफगाफ गरेर फोन नम्बर वा फेसबुक आइडी लिने सम्मको योजना बनाइसकेको थियो मनले ।

उनी चुपचाप केही नबोली बसेपछि मैले नै बिस्तारै कुरा शुरु गरेँ ।

"बैनीको घर नै फिदिम हो ?"

"हजुर"

"ए अनि यता चैं के आफन्तकोतिर आउनुभाको थ्यो कि ?"

"हजुर त्यस्तै ......."

"ए ..ए.."

त्यति बोलचाल भएर एकैछिन सन्नाटा छायो । उनले मेरो बारेमा केही सोधिनन्, म भने के कुरा निकालेर बोलुम् भनेर जुक्ति सोच्न थालेँ ।

"अनि के पढ्नुहुन्छ कि जब गर्नुहुन्छ?"

"हजुर..."

उनको दोश्रो जवाफ पनि त्यति मात्रै आयो, उनी लजालु खालकी भन्ने मैले थाहा पाइसकेपछि एकछिन केही सोधिनँ ।

मंगलबारेदेखि अलिक मास्तिर लाग्नासाथ बाटो पुरै हुस्सेले ढाक्यो अनि निकै चिसो पनि भयो । एकान्त जंगलको बाटो छ, घरहरू पातलो छ । राँके पुगिएको छैन । बोल्न खोज्दा युवतीले खासै बाल नदिएपछि म कताकता हिस्स पनि भएँ । "यस्तो बोल्दै नबोल्ने केटीबाट कसरी फेसबुक आइडी फोन नम्बर पाउने ?" मनमनै यस्तो सोच्दै थिएँ तैपनि उनको मौनता तोड्छु नै भन्ने लाग्दैथ्यो ।

"तपाईंको चैं घर ? अनि यता के गर्नुहुन्छ ?"

अचानक उनको प्रश्नले म केही आशावादी भएँ र त्यति छोटो प्रश्नको लामो उत्तर दिँदै आफ्नो घर झापा भएको र यता सरकारी अड्डामा इन्जिनियर काम गर्ने गरेको बताएँ । उनले नसोधी फिदिममा आफू कहाँ बस्ने घर कति कति दिनमा झर्ने अनि साइटहरू गैरहने सबै बताएर त्यस्तै इलामतिर वा झापातिर जानुपर्यो भने म झर्नेबेला लग्दिन्छु नि सम्म भन्न भ्याएँछु । उनले मेरो उत्तरप्रति खासै वास्ता गरिनन् । मेरो छिटो छिटो अनि अस्वाभाविक र अनावश्यक प्रश्नहरूले उनी अलिक अनौठो र झर्को मानेजस्तो लागेपछि म मौन भएँ ।

मैले यो बिचमा नेपालटारदेखि मंगलबारेसम्मको बाटो मैले नै बनाको भनेझैं सबै सुनाइसकेको थिएँ । उनले "ए..." भन्दा धेरै केही कुरामा पनि प्रतिक्रिया दिन्नथिन् ।

एक ठाउँमा अलिक एकलासमा पिसाब फेर्न रोक्ने भन्दा पनि उनले अलिक अप्ठ्यारो मानेपछि मैले राँके मै पुगेर खाजा खाने प्रस्ताव गर्ने र त्यहीँ पुगेर पिसाब फेर्ने सोचेर अघि बढेँ ।

मैले कसो कसो गरेर फेसबुकको प्रसङ्ग निकालेँ । नाम थर सोध्ने प्रयत्न गरेँ । घरिघरि अलिक अगाडि सर्नुस् न पनि भन्थेँ, उनी पर अलग्गै बस्थिन् । ब्रेक लाग्दा पनि मलाई नछोई शरीर हुत्तिन दिन्न थिइन् ।

मैले निकै नै घुमाएर "फेसबुकमा चैं के नाम लेख्नुहुन्छ ?" सम्म भनेपछि उनले अप्ठ्यारो माने झैं गर्दै भनिन् - "त्यस्तो फेसबुक चलार बस्ने फुर्सद नै हुँदैन दाई हाम्रो, पार्टीमा लागेको मान्छे !'

उनलाई बीचैमा रोक्दै मैले सोधें - "पार्टीमा भन्नाले ?"

"विप्लव..."

उनले निकै लामो मौनता तोड्दै निडर भएझैं गर्दै बोलिन् ।

मैले बिलकुल नसोचेको उत्तर आएपछि म आश्चर्यचकित भएँ ।

"ए हजुर विप्लव माओवादीमा पो हुनुहुन्छ ?" मैले अलिक हच्के जस्तो गरेर भनेँ ।

"हजुर दाई यता पार्टीकै प्रशिक्षण कार्यक्रम थ्यो मंगलबारेमा अनि त्यसैमा गोएर आको दाई.... मेरो पार्टीको नाम चैं कमरेड ज्वाला "

कताकता आफ्नो अगाडिको व्यवहार सम्झेर मेरो सातोपुत्लो उडेजस्तो भो । मैले त्यसपछि उनको बिहे भाको नभाको कुरा सोधेँ ।

उनले भनिन् - "पार्टीकै सिसिएम लेबलको कम्रेडसँग मेरो बिहे हुने कुरा छ दाई वहाँ चैं उता खोटाङ्ग को राई हो"

"अनि पार्टीमा त एकदम कडा अनुशासन हुन्छ होला है हजुरहरूको ?" मैले तपाईंबाट अघि नै हजुरमा पुर्‍याइसकेको सम्बोधनले, उनी पनि अलिक खुलेर बोल्न थालिन् ।"

"हजुर कडा नै हुन्छ नि दाइ...मलाई महिला विभागको इन्चार्ज बनाको छ"

राँके पुगियो । म त्यहाँ प्राय: कफी चिया खान्थेँ, खाजा इलाम मै खाइसकेको हुन्थेँ । त्यो दिन चैं मैले निकै भोक लागेको झैं गरेर उनलाई खाजा खाने प्रस्ताव गरेँ, आफू जैले यहीँ खाजा खाने गरेको झुटो कुरा बताएँ तर उनले निकै अप्ठ्यारो मानेझैं गर्दै भनिन् - "अब १ घण्टामा पुगी त हालिन्छ दाई म त खाजा भर्खर खाएर हिनेको, नखाऊँ होला हौ सरासर जाऊँ न ल"

म अक्क न बक्क भएँ, आखिर मैले पनि खाजा त इलाम मै खाइसकेको थिएँ ।

"हुन्छ त्यसो भा..." यति भनेर म सधैं खाजा खाने होटेलमा पिसाब मात्र फेरेर हिन्न खोज्दा साहुजीले जिस्काए झैं गर्दै सोधे - "के हो सर आज त पेसेन्जर दह्रो भेट्नु भएछ नि...अनि चिया सिया केही नखाई जाने आज ?" उनले भनेको ती युवतीले सुन्लिन् भनेर म डरले मरिगएँ...अझ उनले भनेको "दह्रो पेसेन्जर" भन्नाले उनले पनि ती युवतीलाई चिन्दारैछन् भन्ने जस्तो पर्न गयो र म आज नखाऊँ हजुर चिया भनेर म हतार हतार निस्किएँ ।

त्यसपछि मैले धेरै गफगाफ गर्ने जमर्को गरिनँ । मैले त्यसपछि विप्लव आफूलाई धेरै मन पर्ने भएको र देशलाई चाहिने नेता भएको कुरा बताएँ । केही महिना अघि हाम्रो कार्यालयमा विप्लवको मान्छे भन्दै चन्दा माग्न आएको मलाई थाहा थ्यो तर मैले त्यो कुरा बिलकुल उक्काइन ।

मलाई विप्लवको चन्दा आतंक पट्टक्कै मन पर्दैनथ्यो तर त्यो कुरा कमरेड ज्वालाको छेउमा निकाल्दै निकालिनँ ।

अब म एउटा सोझी सिधा ठानेको गाउँले अल्लारे युवती हैन विप्लव माओवादीको महिला कमाण्डरलाई लिफ्ट दिइरहेको थिएँ । मैले उनीसँग नजिकिने, फोन नम्बर फुत्काउने फेरी फेरी पनि लिफ्ट दिने कुरा सबै दिमागबाट हटाइसकेको थिएँ । कतिबेला फिदिम आइपुग्छ भन्ने भाको थियो । उनीसँग खासै थप कुरा केही भएन ।

केहीबेरमा फिदिम पुगियो । उनले आफ्नो घर कहाँ नेर भन्ने पनि बताइनन् , मैले सोध्ने आँट पनि गरिनँ । उनले लिम्बुवान गेटमै रोकिदिन भनिन् , उत्रेपछि उनी यसो हाँसेजस्तो गरेर बिदा भइन् ...उनले धन्यवाद पनि भनिनन् ।

करीब १ हप्ता पछाडीको कुरा हो । म बिहान नजिकैको तरकारी पसलमा तरकारी किन्न पुगेँ । त्यहाँ तिनै युवती तरकारी किनिसकेर पैसा दिएर मलाई नदेखे झैं गर्दै हतार हतार गरेर ओरालो लागिन् । मैले तरकारीको पैसा दिँदै पसले

बाँकी पृष्ठ-३ मा...

## लघुकथा

# श्रमशोषण



आरसी रिजाल

आज एउटा खाजा पसलमा छिरेँ । पसल्नी अधबैंसे देखिन्छे । एकजना ७५ नाघेका बुढि आमैले हात कमाउँदै प्लेट धुँदै गरेको देखेँ । केहिबेरपछि बुढीलाई चाउमीन खान दिए । हात थरथराउँदै खाँदै थिइन् । चाउमिनका केही ल्यान्द्रो उनको धोतीमा खस्ते । मुस्किलले समाएर फेरि गिजामात्रको मुखले पाकुम पाकुम गर्दै चपाउँथिन् ।

यस्तो बुढी मान्छेलाई किन काम लगाएका होलान् भनेर मैले अगाडि बसेकी नियमित खाजा खान आउने महिला कर्मचारीलाई सोधेँ । उनले यी आमै काम नगरी बस्नै सक्तिनन् रे ! यिनको मायाले होला पसलको नामै 'आमाको खाजाघर' राखेको छ भनिन् ।

म निस्कँदा उनै कुप्री आमा चिनी लिएर फर्कँदै थिइन् । मैले ए आमा यो उमेरमा आराम गरेर बस्ने हो, किन यत्रो दुख गर्नु भएको भन्दा बुढियाले 'के गर्नु बाबू ! काम नगरे खानै दिँदैनन्' भनिन् ।

मलाई लाग्छ यिनले काम गरेवापत त्यही चाउमिन खाजा र दिउँसो पकाएको वा हिजोदेखि नबिकेका बासी खाना साँझमा दिँदा हुन् । यसबारे पसल्नीलाई सोधपुछ गरौँ, तँलाई के मतलब ? भन्लिन् भन्ने त्रास । फेरि ग्राहक महिलाबाट उत्तर पहिला नै सुनिसकेँ ।

प्रशासनले होटलमा छापा मारेर यौन धन्दामा फसाइएका बालिका र बालश्रमलाई छुटाएको समाचार त सुनेको र पढेको थिएँ । तर यस्तो हृदयबिदारक वृद्ध श्रमशोषण देखेको थिइनँ ।

# ऋण



श्यामप्रसाद श्रेष्ठ

'डाक्टर साब ! त्यो मुटुको रोगी आफूसँग पैसा नभएकोले उपचार गराउन सक्दिन भन्दै आफुलाई डिस्चार्ज गर्न जिद्दी गरिरहेछ', नर्सले चिन्तित स्वरमा भनिन् ।

डाक्टरले रिपोर्ट हेर्दै हतारिएर भने, 'रोगीको अवस्था गम्भीर छ । अलिकति मात्र ढिला भयो भने ज्यान जान सक्छ । अप्रेसनको तुरुन्त तयारी गर्नुहोस् ।'

अस्पतालको कोठामा केहीबेरपछि आकस्मिक चहलपहल बढ्यो । समयसँग दौडँदै डाक्टरले आफ्नो सम्पूर्ण दक्षता र अनुभव खन्याए ।

लामो संघर्षपछि अन्तत: अप्रेसन सफल भयो ।

केही दिनपछि होसमा आएको रोगीले डाक्टर तिर कृतज्ञ दृष्टिले हेर्दै पाउ छुँदै भन्यो, 'डाक्टर साब ! म त उपचार गराउन सक्ने अवस्थामा नै थिइनँ । तपाईंले मलाई पुनर्जीवन दिनुभयो, 'तपाई महान हुनुहुन्छ !'

डाक्टरले रोगीको कुममा समाएर उठाउँदै भन्यो,

'मलाई महान बनाउने तपाई महामहान हुनुहुन्छ । म त केवल ऋण चुक्ता गर्दैछु ।'

शिक्षक अचम्ममा पर्दै सोध्यो, 'कसरी ?'

डाक्टरले विगतलाई मानसपटलमा खेलाउँदै भन्यो, 'कुनै समय म तपाईंको विद्यार्थी थिएँ । शुल्क तिर्न नसकेर विद्यालयबाट निकालिँदै थिएँ । त्यही बेला तपाईंले मेरो शुल्क मिनाहा मात्र गर्नुभएन, छात्रवृत्ति प्रदान गर्नु भई अध्ययन गर्ने अवसर दिनुभयो । र आज म जे छु, तपाईंको सद्भाव र दयाले भएको छु ।'

*हेटौँडा, चौघडा*

# आँचलको अध्यक्षमा शर्मा आरसी रिजाललाई अभिनन्दन



*मकवानपुरका अग्रज साहित्यकार आरसी रिजाललाई अभिनन्दन गरिँदै ।*

समाज संवाददाता

हेटौंडा : आँचल साहित्य कला पुञ्ज मकवानपुरको अध्यक्षमा निरा शर्मा सर्वसम्मत निर्वाचित हुनुभएको छ । शुक्रबार सम्पन्न पुञ्जको चौधौं साधारणसभा तथा पाँचौं अधिवेशनले शर्माको अध्यक्षतामा ९ सदस्यीय समिति चयन गरेको हो ।

समितिको उपाध्यक्षमा भवानी तिमल्सिना, सचिवमा एलिजा पुडासैनी, कोषाध्यक्षमा सम्झना अधिकारी, सहसचिवमा सरिता दाहाल र सदस्यमा रजनी पौडेल, अनु रोक्का, श्रृजना पौडेल र गोपिनी गौतम चयन हुनुभएको छ । समितिको पहिलो बैठकले थप २ जना मनोनित गरी ११ सदस्यीय समिति बनाइने बताइएको छ । साधारणसभाको अवसरमा आँचल साहित्य कला पुञ्जले मकवानपुरका साहित्यकार आरसी रिजाललाई अभिनन्दन गरेको छ । रिजालले नेपाली साहित्यको क्षेत्रमा हास्यव्यङ्ग्य लेखनमा महत्वपूर्ण योगदान दिएको भन्दै पुञ्जले रिजाललाई अभिनन्दन गरेको हो । २००९ सालमा मकवानपुरगढीमा जन्मनुभएका रिजालले २०२८ सालमा 'कवि बन्ने लहड' शिर्षकमा हास्यव्यङ्ग्य निबन्ध लेख्नुभएका थियो । रिजालले पहिलो पटक २०३६ मा 'खरानीभित्रको आगो' शीर्षकको लघुउपन्यास प्रकाशित गर्नुभएको थियो ।

रिजालका हास्यव्यङ्ग्य कृतिहरु कुकुरको पुच्छर (२०५५), कण्ठलङ्गौटि (२०५७), हाकिमको खप्पर (२०६३) फुफुफु (२०६३), भोलारामको आत्मा (अनुवादित हास्यव्यङ्ग्य) (२०६६) लगायत प्रकाशित छन् । मकवानपुरको अग्रणी साहित्यिक संस्था साहित्य संगम मकवानपुरका पूर्वअध्यक्ष रिजाल सिस्नुपानी मकवानपुर तथा बुढ्यौली साहित्य समाजका संस्थापक अध्यक्ष हुनुहुन्छ । रिजालले भैरव प्रतिभा पुरस्कार (२०५८) तथा पारिजात पुरस्कार (२०६७) लगायतका पुरस्कार तथा सम्मान प्राप्त गरिसक्नु भएको छ । अध्यापन, पत्रकारिता, तथा निजामति सेवामा रहनुभएका रिजाल अहिले पनि साहित्यको क्षेत्रमा सक्रिय रहनुभएको छ । उहाँको कृतिमा राजनीतिक, सामाजिक, प्रशासनिक रुपमा तिक्ष्ण व्यङ्ग्यको प्रयोग भएको पाइन्छ ।

कार्यक्रममा पारिजात स्मृति दिवसको अवसरमा विभिन्न स्रष्टाहरुबाट रचना वाचन भएको छ । मकवानपुरका साहित्यसेवा मुक्ति गोविन्द वैद्यको प्रमुख आतिथ्य तथा आँचल साहित्य कला पुञ्जकी अध्यक्ष भावना सापकोटाको अध्यक्षतामा भएको कार्यक्रममा समाजसेवीहरु हरिवंश भेटवाल, देवप्रसाद श्रेष्ठ लगायत साहित्यकारहरुको उपस्थिति रहेको थियो ।

## बुधबारे बालसाहित्य

**यो स्तम्भमा हामी विद्यार्थीको परिचय, विद्यार्थीका रचना, घरमा अभिभावक र बालबालिका अध्ययन गर्दै गरेको तस्वीर, अन्तरवार्ता समावेश गर्नेछौं । आशा छ हामीले विद्यार्थीलाई अध्ययन र लेखनमा प्रेरित गर्न सकारात्मक योगदान गर्न सक्नेछौं ।**

**सम्पादक**



# हामी नेपाली



**सरोजप्रसाद साह**

एउटै मुटु एउटै सास, हामी स्वाभिमानीको,
पर्वत तराई हिमालभित्र प्रकाश, एउटै नेपालीको।
भाषा फरक छ भेष फरक, एउटै छ सपना,
यो साँचो माटो देश बस्छ हाम्रो रगतमा।।

मगर थारु नेवार गुरुङ राईको हातमा,
मधेशी शेर्पा लिम्बू सबै, एउटै छ साथमा।
फूल अनेकौ बगैंचामा, सुगन्ध छ एउटै,
सिंगो नेपाल घर हो हाम्रो, आत्मा छ यैं।।



नहेर्छौं धर्म नहेर्छौं जात, हेर्छौं त केवल नाता,
जब हामी मिल्छौं तब देश बन्छ, साँचो बातमा।
भोलि सन्तान हाँस्लान्, कर्म लेखिनेछ हाम्रो,
एकता नै हाम्रो शक्ति हो, बाटो देखिनेछ राम्रो।।

कसले लुट्ने साहस गर्ला, जबसम्म हामी एक हौं,
हरजन यहाँ सिंह छन् हाम्रा, एक नै अनेक छौं।
हरपल यो ध्वजा फर्फराउनेछ, जबसम्म छ होस्,
हामी एक शिला हौं, यो एकता अमर रहोस्।।

यो मातृभूमि शान हाम्रो, हामी यसको अभिमान,
मुटुभरि साहस बोक्ने, नेपाली हाम्रो पहिचान।
विश्व मानचित्रमा, यो राष्ट्रको उद्दार गरौं,
कसले हाम्लाई छेक्न सक्छ, समृद्धिमा वार गरौ।।

# नेपाल



**प्रनिश सिंह बराल**

नेपाल देश रमाइलो
घुम्न जाँदा घमाइलो
धेरै माया गर्नुपर्छ देशलाई
नेपालमा बस्न पाऊँ सधैंलाई ।

यहाँ छन् धेरै जात र भेष
नेपालमै बस्न पाउँदा लाग्छ बेस
सगरमाथा हिमाल छ अग्लो
लाग्छ मलाई मेरो देश रमाइलो ।

लुम्बिनीमा बुद्ध जन्मिए
शान्तिको दूत भनी सम्झिए
वीर गोर्खालीले चिनिएको देश
विश्वको सामु छुट्दै छ पहिचान र भेष ।

दशैं तिहार रमाइलो चाड
सबै मिली बस्छन् साथ
नेपाली हुनुमा गर्व लाग्छ
यो देशको धेरै माया लाग्छ ।

कक्षा–५, नवोदय शिशु सदन
हेटौंडा–४

# गीत



**नवशिला**

फरार भयौ माया गाँसी सुकुम्बासी भएँ
तिम्रै लागि हाासी हाँसी सुकुम्बासी भएँ ।

धन सम्पत्ति पैसा हुँदा नजिक भयौ तिमी
लगाई ऋण पिरतीमा छोडी गयौ तिमी
बिग्री गयो भाग्य राशि सुकुम्बासी भएँ
तिम्रै लागि हाँसी हाँसी सुकुम्बासी भएँ ।

नगाँस्नु थियो नाता त्यसै छोडी जाने भए
देवी देउरालीका भाकल तोडी जाने भए
मात्र बनी क्षणिक दासी सुकुम्बासी भए
तिम्रै लागि हाासी हाासी सुकुम्बासी भएँ।

स्वार्थी रहेछ दुनियाँ सारा स्वार्थ पूरा गर्ने
झुठो प्रेमको नाटक गरी मनमा विष भर्ने
बनी सधैं प्रेमको प्यासी सुकुम्बासी भए
तिम्रै लागि हाँसी हाँसी सुकुम्बासी भएँ ।

बेलबारी–२, नवदेव मार्ग, लालभिती, मोरङ

# बुद्ध

## शान्तिको महान अभियान



**अंश घिमिरे**

लुम्बिनीको पवित्र भूमिमा भयो उहाँको जन्म महान्
संसार उज्यालो दिन आयो दिव्य ज्ञान ।।

राजदरबारको सुख, वैभव सबै त्यागे एकै क्षण,
मानव दुःख बुझ्न निस्के लिएर करुणाको अभियान ।।

जीवनको प्रश्नहरु खोज्दै हिंडे वन र निरंजन स्थान
अनन्तः बोधि वृक्षमूनी पाए सत्यको पहिचान ।।

अज्ञानको अन्धकार हटाउँदै फैलाए ज्ञान
दुःख, मोह, तृष्णाबाट मुक्त हुने देखाए समाधान ।।

चार आर्य सत्यको उज्यालो बनाए जीवनको आधारस्थान
अष्टाङ्ग र मार्ग अपनाउँदा हुन्छ आत्माको कल्याण ।।

कक्षा-८ बालजागृति इंग्लिस सेकेण्डरी स्कूल, हेटौंडा-२

# प्यारी दिदी सुजु



**सुमन राय**

प्यारी दिदी सुजु, तिमी मेरो मुटुको धड्कन हौ,
सुख–दुःखका हर मोडमा साथ दिने अपनापन हौ।
आँसु झर्दा सहारा बनी अँगालोमा समेट्ने,
अँध्यारो बाटोमा उज्यालो बनी साथ दिने।

तिम्रो माया सागर जस्तै गहिरो र विशाल छ,
तिम्रो बोली मिठो गीत, मनलाई सधैं खास छ।
बाल्यकालका ती रमाइला दिन अझै सम्झिन्छु,
तिम्रो हाँसो सम्झेर म आज पनि मुस्काउँछु।

आफ्नो खुशी भुलेर सधैं मेरो खुशी खोज्यौ,
मेरो सपना पूरा होस् भन्दै हरेक पीडा रोज्यौ।
दिदी तिमी भगवानले दिएको अमूल्य उपहार,
तिम्रो माया बिना जीवन लाग्छ अधुरो संसार।

जब म थाक्छु जीवनको यात्रामा हार मानेर,
तिमी आउँछौ हौसला बनी मनभित्र उज्यालो छरेर।
तिम्रो शब्दले भाँचिएको मन फेरि जोडिन्छ,
तिम्रो साथले कठिन बाटो पनि सजिलो बन्छ।

प्यारी दिदी सुजु, तिमी केवल दिदी होइनौ,
मेरो साथी, मेरो शक्ति, मेरो भरोसा पनि हौ।
जुन दिन टाढा हुन्छौ, मन एक्लो भई रुन्छ,
तिम्रो यादले हरेक साँझ मन चुपचाप भिज्छ।

भगवानसँग यही प्रार्थना सधैं गरिरहन्छु,
दिदीको जीवन खुशीले भरियोस् भनी चाहन्छु।
तिम्रो अनुहारमा सधैं मुस्कान फुलिरहोस्,
सपना सबै पूरा भई जीवन उज्यालो बनिरहोस्।

प्यारी दिदी सुजु, तिमीप्रति माया शब्दले नअटाउने,
यो मनको प्रेम कहिल्यै समयसँग नघट्ने।
जति टाढा भए पनि सम्बन्ध कहिल्यै नटुटोस्,
हाम्रो दिदीबहिनी दाजुभाइको माया सधैं अमर रहोस्।

कक्षा–११ (विज्ञान संकाय), मकवानपुर बहुमुखी क्याम्पस हेटौंडा–२

# गौतम बुद्ध



**अनुराधा बस्नेत**

लुम्बिनीको पवित्र माटोमा
उदायो शान्तिको उज्यालो
सिद्धार्थ बने बुद्ध जब
फैलियो करुणाको उज्यालो ।।

राजसी सुख त्यागी उनले
सत्यको बाटो रोजे
वन वनमा ध्यान गर्दै
जीवनको अर्थ खोजे ।।

बोधिवृक्षको छायाँमुनि
ज्ञानको दीप जल्यो
दुःख र मोहका अन्धकार
त्यस क्षणमै हरायो ।।

अहिंसा, माया र मध्यम मार्ग
मानवलाई सिकाए
शान्ति र सहिष्णुताको सन्देश
संसारभर फैलाए ।।

कक्षा-७ बालजागृति इंग्लिस सेकेण्डरी स्कूल हेटौंडा-२

# कमरेड ज्वाला...

साउजीलाई सोधेँ- "यो बहिनी त विप्लवको कमाण्डर पो रैछिन् है अङ्कल ? कहाँनेर रैछ यिनको घर ? अस्ति मैले इलामबाट बाइकमा लिफ्ट देको थिएँ। विप्लवको कत्तिको प्रभाव छ यता अङ्कल ?" निकै नजिककै चिनजान भैसकेका साहुजीलाई मैले खुलेर सोधें।

"हन को भन्नुभाको हौ सर ? यो केटी कताको विप्लवको कमाण्डर हुनु हौ ? यै तलतिर चेम्जोङ्ग जेठाको छोरी पो त, भर्खरकी केटी के को विप्लवको कमाण्डर हुनु हौ ! कोल्ले भनो सरलाई ?...यसपाली हाम्रो छोरीसँगै एस ई ई दिन आँटेकी छ। तपाईं झुक्किनुभो होला सर ...तेस्तो विधि पहिला जस्तो उत्पात आतंक त छैन हौ सर विप्लवको अचेल भरि...."

सब्जी पसले अङ्कलको कुराले म छाँगाबाट झरेझैं भएँ। पसलमा भिड बढ्यो म त्यहाँबाट बिदा भएँ।

२ दिनपछि भेट्दा सब्जी पसले अंकलले फेरि कुरा कोट्याए। मैले आफू झुक्किएको, अर्कै अनुहार मिल्ने युवतीलाई लिफ्ट दिएको रैछु अङ्कल भनेर टारें। अंकलले पनि ठोकुवा गरे - "त्यो तपाईंले लिफ्ट देको केटी यो हुँदै हैन। झुक्कीनुभो अनुहार मिल्थ्यो होला !"

यति वर्षसम्म पनि मैले पत्तो पाउन सकेको छैन कि ती चेलीले मलाई किन त्यसरी ढाँटिन् ?

जंगलको बाटो, हुस्से लागेर दिउँसै अँध्यारो जस्तो हुने त्यो मंगलबारे - फिदिमको बाटो सम्झनासाथ मलाई कमरेड ज्वालाको याद आउँछ।

# गाउँखाने कथा

१. हातखुट्टा छैनन् बस्छ झोलाभित्र, माया गर्न जाने बन्छ सधै मित्र।
२. हात छ दुरुस्तै पन्जा छैन, कसकास नगरी चैन हुँदैन ।
३. बुढो हुँदै गएपछि गर्छन् अझै माया, नाकमाथि राखेर हेर्छन् संसारको छायाँ ।
४. सानो–सानो सेउलीमा झुन्डिएको बेउली, बेउलीको पेटभरि असर्फीको थैली ।
५. सुरुक्क सुर्के टुप्पामा फुर्के, फुर्केलाई चुटेर खानै बिर्से ।

१ पुस्तक, २) दौरा, ३) चस्मा, ४) खोर्सानी, ५) कोदाको बाला

# सातोको राशिफल



**पं. ज्योतिषः तोयानाथ सुवेदी**
**सम्पर्क : ९७४५०२८५५५**

**मेष राशि** : मनमा रोमान्स र उल्लास देखा पर्नेछ । प्रेमिल भावनाको जागृत हुनसक्छ । ताकेको काम सम्पन्न हुने योग छ । सानातिना बिवाद सुल्झने छन् । शत्रु र प्रतिद्वन्द्वीसँग सजगता अपनाउनु पर्छ । पढाइ/लेखाइ मध्यमकारक नै मान्नुपर्दछ । औपचारिक अनुशासित तवरले दिन बित्ने छ । झै–झगडामा संलग्न भइने परिवेश छ । धार्मिक कार्यमा सरिक भइने छ ।

**वृष राशि** : माया प्रेमको वातावरण बन्ने समय छ । बन्दव्यापारमा सोचेजति लाभ मिल्ने छैन । आशावादी बन्ने समय योग छ । शैक्षिक क्षेत्रमा प्रगति हुन सक्ला । विद्वान व्यक्तिबाट आवश्यक फाइदा लिइने छ । ज्ञान–गुन, अध्यात्म र दार्शनिक विषयमा आकर्षण बढ्ला । बौद्धिक र लेखन कार्यमा सफलता मिल्ने छ । बिलासिताका सामग्री खरिद गरिने समय योग छ ।

**मिथुन राशि** : वैदेशिक प्रयोजनको काममा समय व्यतित होला । मनमा भने निराशाको बादल मडारिन सक्छ । निर्णय लिन नसक्दा आघात आइपर्न सक्छ । हाँके/ताकेका र चिताएका कामहरु बन्नेछन् । अध्ययन/अध्यापन ठिकै रहने योग छ । धार्मिक, सामाजिक एवम् साँस्कृतिक काममा मन जाने समय योग छ । व्यापार/व्यवसाय मध्यमकारक रहने समय छ ।

**कर्कट राशि** : बन्धुबान्धव तथा छरछिमेकीले सहयोग पुऱ्याउने छन् । नोकरीमा प्रशंसा पाइने समय छ । साहसी काम गरेर प्रशस्त लाभ उठाइएला । अध्ययन/अध्यापनका लागि दौडधूप बढ्ने समय छ । धार्मिक एवम् सामाजिक कामबाट लाभ होला । बन्दव्यापार/व्यवसाय मध्यमकारक रहने समय छ । यात्रा योगमा सरिक भइने समय छ । स्वास्थ्य समस्यामा परिने समय योग देखिन्छ ।

**सिंह राशि** : श्रममूलक कामबाट लाभ प्राप्त हुनेछ । आर्थिक लगानी बढाउन अनुकूल समय योग छ । जग्गा–जमिनप्रति आकर्षण बढ्ला । बोलीको प्रभाव बढ्नेछ । रोकिएका कामहरु बन्नेछन् । बिवाद र मतभेद छ भने बिचार गर्नुपर्ला । अहंकार बढ्ने समय छ । मौखिक अभिव्यक्ति तथा कलाका क्षेत्रमा सफल भइने समय छ । अध्ययन/अध्यापन ठिकै रहने समय योग देखिन्छ ।

**कन्या राशि** : आर्थिक कारोबारप्रति केन्द्रित हुने समय छ । धनागममा नयाँ–नयाँ मार्ग पत्ता लाग्नेछन् । व्यापार/व्यवसायका क्षेत्रबाट लाभ प्राप्त होला । भौतिक वस्तुको खरिद बिक्रीमा मन जानेछ । भौतिक सामानको किनमेलको योजना बन्ने छ । आयोजना गर्नेहरु परास्त हुनेछन् । व्यक्तित्व विकासका लागि प्रयास होला । शिक्षादीक्षामा मन जानेछ ।

**तुला राशि** : व्यापार/व्यवसायमा त्यति लाभ नहोला । सफलता हासिल गर्न सकिने समय छ । मनमा तनाब बढ्ने समय योग छ । लेनदेनको कारोबारबाट लाभ होला । धनमालको सुरक्षाका लागि सतर्कता अपनाउँदा राम्रो रहने छ । राम/रमाइलोमा भुलिने समय योग छ । हाँके/ताकेका कामबाट लाभ होला । चुनौतिसँग जुधिने समय योग देखिन्छ ।

**वृश्चिक राशि** : संस्कार र परम्पराप्रति जिम्मेवार बोध हुनेछ । बौद्धिक र ज्ञानमूलक क्षेत्रबाट उपलब्धि हासिल होला । ठूलाबडा वा अधिकारी वर्गको सहयोगले काम पूरा हुनेछ । बच्चाहरुसँग रामरमाइलो बढ्ला । धन खर्च हुने समय योग देखिन्छ । मन बिचलित होला । पढाइ/लेखाइ तथा धार्मिक एवम् सामाजिक काममा मन जानेछ ।

**धनु राशि** : मानसिक सन्तुष्टिको समय योग छ । संस्कार र संस्कृतिका बारेमा सिकाइने समय छ । सामाजिक क्षेत्रका काममा वर्चस्व स्थापना गर्न सकिने छ । प्रतिष्ठा र प्रभुत्व जमाउन सकिने छ । श्रममूलक काम कृषि क्षेत्रबाट लाभ प्राप्त होला । मान–सम्मान बढ्ने योग देखिन्छ । महत्वपूर्ण व्यक्तिसँग मित्रता बढ्ने छ । जोखिममूलक काममा धन लगानी गर्नु हुँदैन ।

**मकर राशि** : भविष्य बनाउने समय भएकोले अल्छी नगर्दा राम्रो । परोपकारी र सामाजिक गतिविधिमा खट्नुपर्ला । सेवाभाव र दानपूण्यका कार्यमा आकर्षण बढ्ने छ । सानो प्रयासबाट रोकिएका कामहरु बन्नेछन् । दर्शन र अध्यात्मतर्फ मन आकर्षित होला । इष्टमित्रको सहयोगले काममा पूर्णता होला । व्यापार/व्यवसाय मध्यमकारक नै मान्नुपर्दछ । जिम्मेवारी थपिने छन् ।

**कुम्भ राशि** : आवेग र रिसरागलाई नियन्त्रण गर्दा राम्रो । अरुको लापरबाहीको सजाय भोग्नुपर्ला । समय विपरीत रहेकाले निर्णय नलिँदा राम्रो रहने छ । अप्ठ्यारो र झन्झटमा पर्न सकिने योग छ । इच्छाहरुको कदर हुँदैन । मन अशान्त बन्न सक्छ । अध्ययन/अध्यापन ठिकै रहने समय योग देखिन्छ । अनजानको त्रुटिले मन पिरोलिन सक्छ । सामाजिक र धार्मिक काममा मन जाने समय योग देखिन्छ ।

**मीन राशि** : मनोरञ्जनमा आकर्षण बढ्न सक्छ । बन्धनमा बाँधिने योग छ । मन रोमान्टिक र भावुक बन्न सक्छ । आनन्द र भोग बिलासका क्षेत्रमा खर्च बढ्न सक्छ । उत्साहवर्धक समयको योग छ । काम कर्तव्यप्रति मन जाला । विपरीत लिंगीसँग सजगता अपनाउँदा राम्रो रहन्छ । अध्ययन–अध्यापन र सामाजिक धार्मिक काममा मन जाने समय योग छ ।


# हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
–थाईराईड
–क्यान्सर
–रक्तअल्पता
–वाथरोग
–बााझोपन
–भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जााचमा ५० प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL

हेटौंडा रिफरेन्स ल्यावरोटरी

हेटौंडा–१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७–५२०४५७






Contact : 9807171993/9741681458 TCN Road-10
नोट : हामी कहाँ सबै किसिमका बाइक तथा स्कुटर एक्सचेन्ज गरिन्छ ।





बागमती गोल्डकप

# आर्मीलाई हराउँदै नव जनजागृति सेमिफाइनलमा



*नवजनजागृति युवा क्लबको टिम ।*

समाज संवाददाता

हेटौँडा : त्रिभुवन आर्मी क्लबलाई हराउँदै सिमराको नव जनजागृति युवा क्लब मकवानपुरको बागमती गाउँपालिकामा जारी आठौँ संस्करणको बागमती गोल्डकप राष्ट्रिय फुटबल प्रतियोगिताको सेमिफाइनल प्रवेश गरेको छ । जनजागृतिले शुक्रबार बागमती-४ स्थित सहिद स्मृति रंगशालामा भएको खेलमा आर्मीलाई टाइब्रेकरमा ४-३ गोलले हराएको हो ।

निर्धारित समयमा १-१ गोलको बराबरीपछि खेल टाइब्रेकरमा धकेलिएको थियो । आर्मीका लागि कप्तान भरत खवासले खेलको आठौं मिनेटमा र जनजागृतिका सन्तोष गोङ्बाले दोस्रो हाफको अतिरिक्त समय ९३ औं मिनेटमा गोल गरे । नव जनजागृतिका लागि टाइब्रेकरमा सुदिप लामा, रन्जय चौधरी, विक्रम थोकर, सन्तोष गोङ्बाको प्रहार गोलमा परिणत भयो भने समीर नेपालीको प्रहार गोलपोष्टमा ठोकिएर फर्कियो ।

आर्मीका लागि दिनेश हेन्जन, पेम्बा दोर्जे लामा र जिलेस्पिजंग कार्कीको प्रहार गोलमा परिणत भए । आर्मीका विमल पाण्डे र सुजन खत्रीको प्रहार सिमराका गोलरक्षक युनेश चौधरीले रोके । प्लेयर अफ दि म्याच चौधरी घोषित भए । उनले १० हजार रुपैयाँ प्राप्त गरे ।

प्रतियोगिताको फाइनल खेल बैशाख २६ गते हुनेछ । प्रतियोगिताको विजेताले १० लाख र उपविजेताले ५ लाख पाउनेछन् ।

प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडीले १ लाख १ हजार रुपैयाँ, विधागत उत्कृष्ट खेलाडीले जनही २५ हजार र प्रत्येक खेलको म्यान अफ द म्याच हुने खेलाडीले १०-१० हजार प्राप्त गर्नेछन् । प्रतियोगितामा आयोजकसहित १० टिम सहभागी छन् ।

# खुला चित्रकलामा नवीन प्रथम

समाज संवाददाता

हेटौँडा : खुला चित्रकला प्रतियोगितामा नवीन राई प्रथम भएका छन् । शुक्रबार हेटौँडामा सम्पन्न दोस्रो संस्करणको प्रतियोगितामा राई प्रथम भएका हुन् ।

रोट्रयाक्ट क्लब अफ हेटौँडा र रोटरी क्लब अफ हेटौँडाको संयुक्त आयोजनामा चित्रकला प्रतियोगिता भएको हो । प्रतियोगितामा प्रथम स्थान हासिल गरेका नवीनले ८ हजार रुपैयाँ पुरस्कार प्राप्त गरेका छन् । यसैगरी दोस्रो र तेस्रो स्थान हासिल गरेका राघव राई र सबिना राईले क्रमश: ५ हजार र २ हजार रुपैयाँ प्राप्त गरेका छन् । प्रतियोगितामा विद्यालयस्तरका उत्कृष्ट पाँच जना सहभागीहरूलाई हेटौँडा-४, पारिजातपथस्थित आर्ट ल्याबको तर्फबाट सान्त्वना पुरस्कार स्वरुप ५ सय रुपैयाँ बराबरको सामग्री खरिद कुपन प्रदान गरिएको छ । सान्त्वना पुरस्कार प्राप्त गर्नेहरूमा सन्दिप घलेन, विधान पकुवाल, साजु यादव, जी बिक्रम र अभिषेक बानियाँ रहेका छन् ।

रोटरी क्लब अफ हेटौँडाका अध्यक्ष प्रमेश प्रधानले पुरस्कार वितरण गर्नुभएको थियो । हेटौँडा-५ स्थित रिगल हेटौँडा रिसोर्टमा भएको प्रतियोगितामा २९ जनाको सहभागिता रहेको थियो । कार्यक्रममो अध्यक्षता गर्नुभएका रोट्रयाक क्लब अफ हेटौँडाका अध्यक्ष केशर श्रेष्ठले प्रतियोगितालाई अगामी दिनमा पनि निरन्तरता दिने बताउनुभयो ।

# जिल्लास्तरीय शिक्षक भलिबलमा सेमिफाइनल समीकरण पूरा

समाज संवाददाता

हेटौँडा : हेटौँडामा जारी छैठौं जिल्लास्तरीय शिक्षक भलिबल प्रतियोगिताको सेमिफाइनलमा समीकरण पूरा भएको छ । शुक्रबार क्वार्टरफाइनलमा खेलहरू सकिएसँगै सेमिफाइनल खेल्ने टोलीहरू टुङ्गो लागेको हो ।

प्रतियोगिताको पहिलो सेमिफाइनल खेलमा मकवानपुरगढी स्थित शारदा माध्यमिक विद्यालय र राक्सिराङस्थित सूर्योदय माध्यमिक विद्यालय खेल्ने छ । शारदा माविले हेटौँडा-४ स्थित श्रमिक माध्यमिक विद्यालयलाई २८-२६ र २५-१५ को सोझो सेटमा र सूर्योदय माविले हेटौँडाकै नवोदय शिशु सदनलाई २५-२३, २३-२५ र १७-१५ को सोझो हराएर सेमिफाइनलमा प्रवेश गरेको हो ।

यसैगरी दोस्रो सेमिफाइनल खेलमा हेटौँडाको ज्ञानदीप शिक्षा (जिएस) निकेतनले राक्सिराङको प्रजाजागृति माध्यमिक विद्यालयसँग प्रतिस्पर्धा गर्नेछ । जिएस निकेतनले मकवानपुरगढीको भानु माध्यमिक विद्यालयलाई २५-१३ र २५-१७ को सोझो सेटमा र प्रजाजागृति माविले मकवानपुरगढीकै रूपनारायण माध्यमिक विद्यालयलाई २५-१४ र २५-१७ को सोझो सेटमा पराजित गरेर सेमिफाइनलमा प्रवेश गरेको हो ।



*निर्णायकलाई बल हस्तान्तरण गरी प्रतियोगिताको उद्घाटन गरिँदै ।*

हेटौँडा-४ को शैक्षिक गुणस्तर सुधार समितिको व्यवस्थापन तथा वडा कार्यालयको आयोजनामा शुक्रबारदेखि प्रतियोगिता सुरु भएको हो । प्रतियोगिता हेटौँडा-४ हुप्रचौर स्थित भलिबल कोर्टमा सञ्चालन भइरहेको हो । प्रतियोगितामा जिल्लाका सामुदायिक र संस्थागत गरी १४ वटा विद्यालयहरुको सहभागिता रहेको छ । शुक्रबार शैक्षिक गुणस्तर सुधार समितिका अध्यक्ष श्रीराम दहालको सभाध्यक्षतामा भएको प्रतियोगिताको उद्घाटन समारोहमा संविधान सभाका पूर्वसदस्य अनन्त पौडेलको प्रमुख आतिथ्य रहेको थियो । उद्घाटन कार्यक्रममा वडाध्यक्ष नवीन सिग्देल, वडासचिव रामप्रसाद गुरागाईको पनि आतिथ्य रहेको थियो ।

प्रतियोगिताको विजेता टोलीले २५ हजार र उपविजेताले १५ हजार रुपैयाँसहित शिल्ड, मेडल र ट्रफी प्राप्त गर्नेछ । यसैगरी सेमिफाइनमा पराजित हुने टोलीले समान ५-५ हजार रुपैयाँ सान्त्वना पुरस्कार प्राप्त गर्नेछन् । प्रतियोगितामा व्यक्तिगत विधातर्फ पनि पुरस्कारको व्यवस्था गरिएको छ । व्यक्ति विधातर्फ प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडीले ३ हजार रुपैयाँ, उत्कृष्ट स्पाइकर र उत्कृष्ट सेटर समान २-२ हजार रुपैयाँसहित ट्रफी प्राप्त गर्नेछन् । गत वर्षको उपाधि मकवानपुरगढी गाउँपालिकाको शारदा माविले जित्दा उपविजेता जीएस निकेतन मावि भएको थियो ।

# अन्तर्राष्ट्रिय श्रमिक दिवस हेटौँडामा मनाइयो




समाज संवाददाता

हेटौँडा : १३७ औं अन्तर्राष्ट्रिय श्रमिक दिवस शुक्रबार हेटौँडामा मनाइएको छ । प्रत्येक वर्ष मे १ को दिन विश्वभर मनाइने यो दिवस नेपाल ट्रेड युनियन महासंघ (जिफन्ट) मकवानपुरको आयोजनामा शुक्रबार हेटौँडामा प्रभातफेरी र सभा गरी मनाइएको छ ।

मजदुर दिवसलाई मे दिवस पनि भनिन्छ । सन् १८८६ मे १ को दिन संयुक्त राज्य अमेरिकामा भएको आमहड्तालको सम्झनामा प्रत्येक वर्ष यो दिवस मनाइन्छ । मजदुर दिवसको अवसरमा बुद्धचोकबाट र्‍याली निकालिएको थियो । हेटौँडा बजारको परिक्रमा गरी र्‍याली हेटौँडा-४ स्थित रोयल पार्टी प्यालेसमा पुगेर सभामा परिणत भएको थियो ।

'कामको अधिकार, श्रमको सम्मान, सीपको अभिवृद्धि : प्रविधिसँग प्रगति-श्रमिकसँग समृद्धि' भन्ने नाराका साथ मजदुर दिवस मनाइएको छ । जिफन्ट मकवानपुरका अध्यक्ष शम्भु लामाको सभाध्यक्षतामा भएको कार्यक्रममा नेकपा एमालेका केन्द्रिय सदस्य एवम् मकवानपुर जिल्ला इन्चार्ज रामेश्वर राना मगरको प्रमुख आतिथ्य रहेको थियो ।

कार्यक्रममा नेकपा एमालेको केन्द्रीय सदस्य तथा बागमती प्रदेश सभा सदस्य भारती पाठक, बागमती प्रदेश सभा सदस्य एकलाल श्रेष्ठ, हेटौँडा-४ का वडा अध्यक्ष नवीन सिग्देल, संविधान सभाका पूर्वसदस्य अनन्त पौडेल उपस्थिति रहेको थियो ।

# ट्र्याक्टर दुर्घटनामा एक जनाको मृत्यु

समाज संवाददाता

हेटौँडा : सिन्धुपाल्चोक जिल्लाको ईन्द्रावती गाउँपालिका-१२, भिमटार क्षेत्रमा ट्र्याक्टर दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ भने दुई जना घाइते भएका छन् । बिहिबार बिहान १० बजेको समयमा भिमटारबाट बोर्डगाउँतर्फ जाँदै गरेको रड र सिमेन्ट लोड भएको ट्र्याक्टर अनियन्त्रित भई ५० मिटर तल खसेर दुर्घटना भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जनाएको छ ।

दुर्घटनामा ट्र्याक्टर चालक १८ वर्षीय मनिष दनुवार गम्भीर घाइते भएका थिए । उनलाई मेलम्ची नगर अस्पताल लगिएकोमा उपचारको क्रममा बिहान ११ बजेर २५ मिनेटको समयमा चिकित्सकले मृत घोषणा गरेको प्रहरीले जानकारी दिएको छ । यस्तै, ५२ वर्षीय राजेन्द्र दनुवार र ४८ वर्षीय बुद्धि बहादुर दनुवार घाइते भएका छन् । दुवै जनालाई उपचारका लागि धुलिखेल अस्पताल लगिएको छ ।

# इन्द्रसरोवर कप-२०८३ सुरु

समाज संवाददाता

हेटौँडा : मकवानपुरको इन्द्रसरोवर गाउँपालिका खेलकुद विकास समितिको आयोजनामा 'इन्द्रसरोवर कप-२०८३' सुरु भएको छ । बुधबारदेखि सुरु भएको उक्त प्रतियोगिता आगामी मंगलबारसम्म सञ्चालन हुने गाउँपालिका खेलकुद विकास समितिका अध्यक्ष रत्नबहादुर थापाले जानकारी दिनुभयो ।

प्रतियोगितामा पुरुष फुटबलसहित पुरुष तथा महिला भलिबलका खेलहरू भइरहेका छन् । अध्यक्ष थापाका अनुसार प्रतियोगिता लिग प्रणालीमा सञ्चालन भइरहेको छ, जसमा गाउँपालिका भित्र सञ्चालित विभिन्न क्लबहरूको सहभागिता रहेको छ । भलिबलतर्फ महिला र पुरुष दुवै विधामा ६-६ वटा टोली सहभागी छन् भने फुटबलतर्फ ८ वटा टिमबीच प्रतिस्पर्धा भइरहेको छ ।

प्रतियोगिताको पुरुष फुटबलतर्फ विजेता हुने टोलीले नगद ७० हजार रुपैयाँ र उपविजेताले ३५ हजार रुपैयाँसहित मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् । फुटबलको प्रत्येक खेलमा 'म्यान अफ द म्याच' घोषित हुने खेलाडीलाई १ हजार ५ सय रुपैयाँ पुरस्कार प्रदान गरिनेछ । यसैगरी व्यक्तिगत विधातर्फ प्रतियोगिताका सर्वाधिक गोलकर्ता, उत्कृष्ट खेलाडी र उत्कृष्ट गोलकिपरलाई जनही २-२ हजार रुपैयाँ पुरस्कारको व्यवस्था गरिएको छ ।

यस्तै, भलिबलतर्फ विजेता टोलीले ३० हजार र उपविजेताले १५ हजार रुपैयाँसहित मेडल र प्रमाणपत्र प्राप्त गर्ने आयोजकले जनाएको छ । भलिबलका दुवै विधा (महिला र पुरुष) मा उत्कृष्ट प्रदर्शन गर्ने खेलाडीहरूका लागि पनि पुरस्कारको व्यवस्था गरिएको छ । जसअन्तर्गत विधागत रूपमा उत्कृष्ट खेलाडी, उत्कृष्ट स्पाइकर र उत्कृष्ट लिब्रोले जनही २-२ हजार रुपैयाँ नगद पुरस्कार पाउनेछन् ।

# हेटौँडा-४ मा बृहत् शैक्षिक महोत्सव हुने

समाज संवाददाता

हेटौँडा : हेटौँडा उपमहानगर पालिका वडा नम्बर ४ को शैक्षिक गुणस्तर सुधार समितिको आयोजनामा बृहत् शैक्षिक महोत्सव, खेलकुद र विभिन्न शैक्षिक कार्यक्रमहरु हुने भएको छ । शुक्रबार श्रमिक माविमा पत्रकार सम्मेलनको आयोजना गर्दै महोत्सवबारे जानकारी दिइएको हो । पत्रकार सम्मेलनमा बोल्दै वडाध्यक्ष नवीन सिग्देलले कार्यक्रमहरुबारे जानकारी दिनुभएको थियो । शुक्रबार जिल्लास्तरीय शिक्षक भलिबल प्रतियोगिताबाट सुरु भएको महोत्सव जेठ १४ गते विविध कार्यक्रम गरी समापन गरिने वडाअध्यक्ष सिग्देलले बताउनुभयो ।

यसअघि २०८२ फागुन २ गते सम्पन्न भएको तेस्रो बृहत खेलकुद प्रतियोगिता पुस्कार वितरण बैशाख २७ गते हुनेछ । आधुनिक राष्ट्रिय माध्यमिक विद्यालय परिसरमा हुने कार्यक्रममा यसअघि फागुन २ गते सम्पन्न भएका नगरस्तरीय फुटबल, भलिबल, किकेट र बास्केटवल, वडास्तरीय रुपमा एथ्लेटिक्सको सबै विधा, हाजिरीजवाफ, हिज्जे, बादविवाद, निबन्ध, कविता, वक्तृत्वकला प्रतियोगिताका विजेता ३ सय ५० जनालाई पुरस्कार वितरण कार्यक्रम रहेको बताउनुभयो ।

यस्तै वडास्तरीय रुपमा कक्षा ८ को आधारभूत तह परीक्षामा ४ जिपिए प्राप्त गर्ने विद्यार्थीलाई ५ हजार नगदसहित पुरस्कृत गरिने भएको छ । वडाका संस्थागत तथा सामुदायिक विद्यालयहरुमा ४ जिपिए प्राप्त गर्ने विद्यार्थीका अभिभावकसहित विद्यार्थीहरुलाई सम्मान गरिने आयोजकले जनाएको छ । यस्तै विषयगत औसत उच्च ग्रेड पोइन्ट प्राप्त गराउन सफल हुने शिक्षकहरुलाई पनि ५ हजार नगदसहित पुरस्कारको व्यवस्था गरिएको कार्यक्रममा जानकारी दिइएको छ । यस्तै ३.२ भन्दा माथिको जिपिए ल्याउने सबै विद्यार्थीलाई मेडल र प्रमाणपत्र वितरण गरिने समेत कार्यक्रममा जानकारी दिइएको छ ।

जेठ १४ गते रोयल पार्टी प्यालेसमा चौथो बृहत शैक्षिक प्रदर्शनी, चित्रकला तथा नृत्य प्रतियोगिता हुने आयोजकले जानकारी दिएको छ । नगरस्तरीय उक्त प्रदर्शनीमा विद्यार्थीको नवप्रवर्तन सोचसहितका विज्ञान विषय समावेश गरिने आयोजकले जनाएको छ । यसप्रदर्शनीमा शिक्षक, अभिभावक र विद्यार्थी लगायत गरी करिब १० हजार जनाले अवलोकन गर्ने अनुमान गरिएको छ । शैक्षिक प्रदर्शनीको साथै हुने प्रतियोगितामा प्रथमलाई ३० हजार, द्वितीयलाई २० हजार, तृतीयलाई १० हजार, सान्त्वनालाई ५ हजार पुरस्कारको व्यवस्था गरिएको जनाइएको छ ।

सोहि दिन '२० वर्षपछिको हेटौंडा' विषयमा नगरस्तरीय चित्रकला प्रदर्शनी तथा प्रतियोगिता हुनेछ । चित्रकला प्रतियोगितामा प्रथम हुनेलाई रु २० हजार, द्वितीयलाई रु १५ हजार, तृतीयलाई १० हजार र सान्त्वनालाई ५ हजार पुरस्कारको व्यवस्था गरिएको आयोजकले जनाएको छ । साथै राष्ट्रिय, नेपाली मौलिक तथा भाषा, संस्कृति झल्कने गरी नगरस्तरीय नृत्य प्रतियोगिता हुने र उक्त प्रतियोगितामा प्रथमलाई २० हजार, द्वितीयलाई १५ हजार, तृतीयलाई १० हजार र सान्त्वनालाई ५ हजारको पुरस्कारको व्यवस्था रहेको कार्यक्रममा जानकारी दिइएको छ । शैक्षिक गुणस्तर सुधार समितिका अध्यक्ष श्रीराम दहालको सभाध्यक्षामा पत्रकार सम्मेलन भएको हो ।

## जिप दुर्घटनामा...

ओमकुमारीका २४ वर्षीया छोरी सृजना बुढाथोकी र १३ वर्षीय छोरा सुदीप बुढाथोकीको ज्यान गएको छ । साथै युभाकी आमा घोराही-१५ रतनपुर बस्ने ५४ वर्षीया द्रोपदा जिसी, बुबा यमबहादुर जिसी, २५ वर्षीया बहिनी एलिसा जिसी र ३२ वर्षीया भाउजु तिला विष्ट जिसीले पनि यही घटनामा परेर ज्यान गुमाएका छन् ।

एलिसाका छोरा ४ वर्षीय संयोग जिसी, तिलाकी छोरी १२ वर्षीया जेनिसा जिसी र ७ वर्षीय छोरा जेनिस जिसीसहित १४ जनाको ज्यान गएको हो । यस्तै, उनीहरुकै आफन्त पर्ने घोराही-१३ की धनमाया विष्टको पनि उक्त दुर्घटनामा मृत्यु भएको हो । दुर्घटनामा परी ज्यान गुमाउने अन्य ५ जनामध्ये दाङ शान्तिनगर घर भई हाल सिस्ने-५ मा बस्ने सवारी चालक: ४२ वर्षीय बेदु कामी र उनकी सासुआमा सिस्ने-५ की ६० वर्षीया मिना विक रहेका छन् । त्यसैगरी, सिस्ने -५ की ६० वर्षीया लक्ष्मी शाह र २७ वर्षीया रुक्मिना बस्नेत र भूमे गाउँपालिका-५ का टेकप्रसाद बुढा रहेका छन् ।

घटनास्थलबाट सबै शवहरु निकालेर थबाङ गाउँपालिका अस्पतालमा ल्याएर सनाखत गरिएको हो । ११ वटा शवलाई रुकुम पूर्व जिल्ला अस्पतालमा ल्याई पोस्टमार्टम गरिनेछ भने बाँकी ९ वटा शवको पोस्टमार्टम जिल्ला अस्पताल रोल्पामा गरेर आफन्तको जिम्मा लगाइने प्रहरी निरीक्षक न्यौपानेले बताएका छन् ।

# दस्तावेजीकरण तथा प्रतिवेदन लेखन तालिम

समाज संवाददाता

हेटौँडा : अपाङ्गता भएका व्यक्तिहरूका लागि दस्तावेजीकरण तथा प्रतिवेदन लेखन सम्बन्धी दुई दिने क्षमता अभिवृद्धि कार्यक्रम सम्पन्न भएको छ । राष्ट्रिय अपाङ्ग महासंघ नेपाल बागमती प्रदेशको आयोजनामा कार्यक्रम भएको हो ।

कार्यक्रम बिहीबार र शुक्रबार दुई दिन सिन्धुलीको प्रयास होटलमा भएको हो । दुई दिने कार्यक्रममा माइन्युट र प्रतिवेदन लेखन तथा लेखा व्यवस्थापन सम्बन्धी जानकारी गराइएको राष्ट्रिय अपाङ्ग महासंघ नेपाल बागमतीकी व्यवस्थापक सीता मल्ल ठकुरीले जानकारी दिनुभयो । कार्यक्रममा गैरसरकारी संस्था महासंघ बागमतीका कार्यवाहक अध्यक्ष कमल कुमार विश्वकर्मा र यातायात व्यवस्था कार्यालय सिन्धुलीका लेखापाल डिल्ली सौगत घिमिरे तालिम प्रदान गर्नुभएको थियो ।

बागमती प्रदेश सरकार सामाजिक विकास मन्त्रालयको आर्थिक सहयोग तथा सिन्धुली अपाङ्ग महिला संघ र सिन्धुली बहिरा संघको समन्वयमा कार्यक्रम भएको हो ।

**सूचना, सूचना, सूचना**

वर्तमान समयमा हरेक अभिभावकहरूले आफ्ना बालबालिकाहरूमा देखिएको जिद्धिपनलाई परामर्शको माध्यमद्वारा सकारात्मक परिवर्तन गराउँदै खेलकुद, नृत्य तथा डिजिटल माध्यमद्वारा पठनपाठनमा लगनशील बनाउने उद्देश्यका साथ हेटौँडाकै एकमात्र सत्यम जेभियर्स इङ्ग्लिस बोर्डिङ स्कुलमा प्ले ग्रुपदेखि कक्षा ९ सम्मका लागि नयाँ भर्ना फारम वितरण भइरहेको छ ।

तसर्थ, आफ्ना बालबालिकाहरूको उज्ज्वल भविष्यका लागि समयमै सम्पर्क गरी भर्ना प्रक्रिया पूरा गर्नुहुन सम्पूर्ण अभिभावकहरूमा हार्दिक अनुरोध गरिन्छ ।

सत्यम जेभियर्स इङ्ग्लिस बोर्डिङ स्कुल
हेटौँडा–४, चिसापानी
०५७–५२५५६३, ९८५५०६६४५२, ९८५५०६६५६३

**फुल फर्निस्ड सटर विक्रीमा**

हेटौँडा-४, हेटौँडा क्याम्पस अगाडि रहेको लेडिज फेन्सी तथा कस्मेटिक्स पसल सञ्चालन गर्न उपयुक्त हुने फुल फर्निस्ड सटर विक्रीमा रहेकोले व्यवसाय गर्न इच्छुक व्यक्तिले सम्पर्क गर्नुहोला ।

सम्पर्क : ९८४५१-२७०३८

**डँढेलोबाट बचौं र बचाऔं**

राष्ट्रिय वनमा आगो लगाउन वा आगलागी हुने कुनै कार्य गरेमा वा गराएमा वा सोको उद्योग गरेमा वन ऐन, २०७६ को दफा ५० को उपदफा ४ बमोजिम क्षति भएको बिगो असुल गरी ३ वर्षसम्म कैद वा ६० हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ । तसर्थ, उपरोक्त बमोजिमका निषेधित कार्य नगर्न नगराउनु हुन सरोकारवाला सबैलाई हार्दिक अनुरोध छ ।

वन तथा वातावरण मन्त्रालय
बागमती प्रदेश, नेपाल
हेटौँडा, मकवानपुर

**कम्पनीको नाम परिवर्तन गरिएको बारे सूचना**

कम्पनी ऐन, २०६३ बमोजिम स्थापना भएको श्री शिक्षा सुत्र एजुकेशनल कन्सल्टेन्सी एण्ड ट्रेडिङ प्रा.लि. (दर्ता नं. २१६०६२/७५/७६) को साविक नाम परिवर्तन भई अब २०८२/१२/१९ गतेदेखि श्री सम्पन्न मिराई एजुकेशन ट्रेनिङ्ग प्रा.लि. कायम हुने गरी कम्पनी रजिष्ट्रारको कार्यालयबाट समेत स्वीकृती प्राप्त भइसकेकाले सोही बमोजिम हुने व्यहोरा सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिन्छ ।

श्री सम्पन्न मिराई एजुकेशन ट्रेनिङ्ग प्रा.लि.

**डँढेलो नियन्त्रण गरौं, जीवन र वन जोगाऔं**

- सुख्खा मौसममा डँढेलो लाग्न सक्छ,
- डँढेलोले मानिस, वन्यजन्तु र पर्यावरणमा गम्भीर असर पर्न सक्छ, त्यसैले डढेँलोबाट जोगिन :

- वन क्षेत्रमा आगो नबालौँ,
- सुख्खा घाँस जस्ता ज्वलनशील पदार्थहरु सुरक्षित रुपमा व्यवस्थापन गरौँ,
- चुरोट, बिँडी, आगोका झिल्का भएका वस्तु जथाभावी नफालौँ,
- डँढेलो देखिएमा तत्काल स्थानीय प्रशासनमा खबर गरौँ,
- डँढेलो विरुद्ध समुदायस्तरमा सचेतना फैलाऔं,
- वन संरक्षणमा योगदान दिऔँ ।

डिभिजन वन कार्यालय
हेटौंडा, मकवानपुर

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगाना: हेटौँडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email: sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशक: रोजिना श्रेष्ठ, सम्पादक: सुरेश श्रेष्ठ